WORLD
ENVIRONMENT
DAY

# ५ जून

# विश्व वातावरण दिवस

ONLY
ONE
EARTH
2022

## पृथ्वीको संरक्षण : दिगो प्रकृतिमैत्री जीवनयापन



# जलवायुमैत्री विकास : स्थानीय सरकारको प्रथम सरोकार

लोकतन्त्र र सुशासनका लागि मेरुदण्डका रूपमा रहेको स्थानीय निर्वाचन नेपाली जनताको उत्साहपूर्वक सहभागितामा सम्पन्न भएको छ । निर्वाचन सम्पन्न गर्न क्रियाशील नेपाल सरकार, निर्वाचन आयोग, राजनीतिक दल, नागरिक समाज, सञ्चार जगत् र निजी क्षेत्र सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । मुलुकका ७ सय ५३ स्थानीय तहमा निर्वाचित पदाधीकारीहरूलाई बधाईसहित कार्यकालको सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
स्थानीय तह निर्वाचनलाई लक्षित गर्दै जलवायु परिवर्तनको सवाल राजनीतिक एजेन्डा बनाउनुपर्ने विषयमा जोड दिँदै सरोकार राख्ने सङ्घ/संस्थाहरूका तर्फबाट जलवायु परिवर्तनका लागि सम्बोधन गर्नुपर्ने सवालहरू समेटिएको साझा सुझावपत्र राजनीतिक दलहरूलाई हस्तान्तरण गरेका थियौं । सो क्रममा राजनीतिक दलका नेताहरूले व्यक्त गर्नुभएका प्रतिबद्धता र विषयप्रतिको संवेदनशीलताले हामीलाई उत्साहित तुल्याएको छ । जलवायु परिवर्तनका सवालमा राजनीतिक दल, नागरिक समाज र सञ्चार क्षेत्रले देखाएको प्रतिबद्धता प्रशंसनीय छ । यो विषयलाई सम्बोधन गर्नका लागि निर्वाह गर्नुभएको योगदानका लागि सबैलाई धन्यवाद ज्ञापन गर्दछौं ।

जलवायुमैत्री विकास अवधारणालाई स्थानीय सरकारको प्राथमिकतामा राख्न र पालिकालाई जलवायु परिवर्तन कार्यमा थप अग्रसर बनाउन जननिर्वाचित प्रतिनिधिहरूले नै विशेष पहल र नेतृत्व लिनु वाञ्छनीय हुन्छ । उक्त विषयमा स्थानीय सरकारहरूसँग निरन्तर साझेदारी र सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छौं । स्थानीय तह निर्वाचन २०७९ लाई लक्षित गर्दै हामीले बुझाएको दस्ताबेज र राजनीतिक दलहरूले अगाडि सारेका घोषणापत्रका आधारमा वातावारण र जलवायु परिवर्तन विषयमा अबको ५ वर्षमा गर्नुपर्ने महत्वपूर्ण कार्य **‘पाँच वर्ष : पाँच काम’** को खाका प्रस्तुत गरेका छौं । हामी अनुरोध गर्दछौं- अबको ५ वर्ष सबै स्थानीय तहले **‘जलवायु अर्ध दशक’** मनाउने नीति तथा कार्यक्रम अघि सार्दै वातावरणमैत्री, जलवायु अनुकूलन र दिगो विकासलाई प्राथमीकतामा राख्नेछन् ।

# ‘पाँच वर्ष : पाँच काम’

०१

आगामी आर्थिक वर्षदेखि पालिकाको कुल बजेटको कम्तीमा **२५% बजेट ‘वातावरण तथा विपद् व्यवस्थापन’** शीर्षकमा विनियोजन गर्ने । विपद् जोखिम न्यूनीकरण, कृषि, खानेपानी, बन, उर्जा लगायतका क्षेत्रमा जलवायु अनुकूलन र कार्वन न्यूनीकरणका कार्यक्रम, वातावारणमैत्री स्थानिय शासन प्रारुपका कार्यक्रमहरु संचालन गरिनेछ ।



०२



पालिकास्तरीय **जलवायु उत्थानशील अनुकूलन कार्यक्रम** बनाई कार्यान्वयन गर्ने ।

०३

उत्थानशील ऊर्जा प्रणालीको विकास र ऊर्जा सुरक्षाका लागि **‘नवीकरणीय ऊर्जा प्रविधिहरूको घरेलु तथा व्यावसायिक प्रयोजनका लागि पहुँच सुनिश्चितता र प्रवर्द्धन’** गर्ने ।



०४



फोहोरमैलाको उचित व्यवस्थापनका लागि ‘फोहोरको वर्गीकरण,न्यूनीकरण, पुनः प्रयोग र प्रशोधन : **फोहोरबाट ऊर्जा र रोजगारी सिर्जना’** गर्ने नीति तथा कार्यक्रम अवलम्बन गर्ने ।

०५

दिगो विकास लक्ष्य प्राप्तिका लागि Leave No One Behind’ (कोही नछुटून्) को अवधारणाअनुरूप महिला, युवा, बालबालिका, अपाङ्गता भएका व्यक्ति,दलित, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र लक्षित **‘जलवायुमैत्री विपद् जोखिम व्यवस्थापन, कृषि, पिउने पानी, एवम् जीविकोपार्जनका कार्यक्रमहरू** सञ्चालन गर्ने ।



# समर्थन गर्ने संघसंस्थाहरू

- बालमैत्रि स्थानिय शाशन राष्ट्रिय मञ्च
- जागृति बाल तथा युवा सरोकार नेपाल
- बालिका अधिकारका लागि राष्ट्रिय सञ्जाल
- सहयात्रा नेपाल
- महिला समाज कल्याण
- गुम्बाडाडा महिला सामुदायिक वन
- नेपाल रेडक्रस चियावारी उपशाखा
- एकता महिला कृषि समुह
- श्री संरचना महिला विकास
- मनकामना महिला समुह
- हातेमालो महिला समुह
- प्रसिध्द महिला समुह
- नमुना महिला समुह
- सामाजिक उत्थान तथा वातावरणीय सञ्जाल नेपाल
- उर्जाशिल महिला समुह
- शुभतारा वहुउदेश्य महिला विकास समिति
- मिलिजुलि महिला समुह
- सजनशील महिला समुह नेपाल
- जागती सामुदायिक अध्ययन केन्द्र
- संरचना महिला समुह
- श्रदा महिला समुह
- संघर्षशिल महिला समुह
- सृजनशिल महिला जागरण अभियान
- महिला सरोकार समूह
- सामाजिक उत्थान तथा
- वातावरणीय संरक्षण समाज नेपाल
- चेतना नेपाल (सञ्चार)
- काभ्रे बहिरा संघ
- सामुदायिक उत्थान मञ्च(सिफ)
- नेपाल नेटवर्क फर क्यान्सर ट्रिटमेन्ट एण्ड रिसर्ज
- चामुण्डा देवी धार्मिक तथा पर्यटन संरक्षण विकास समिति
- महिला जागरण समुह

- Feminist Dalit Organization (FEDO)
- Group of Helping Hands (SAHAS) Nepal
- National Campaign for Sustainable Development Nepal (NACASUD-Nepal)
- Beyond Beijing Committee (BBC), Nepal
- Clean Energy Nepal (CEN)
- Paropakar Primary Health Care Centre
- Karnali Integrated Rural Development and Research Centre (KIRDARC)
- Pragya Seed Nepal
- South Asia Partnership(SAP) - Nepal
- National Indigenous Disabled Women Association Nepal (NIDWAN)
- Water and Energy Consultant Association (WECAN)
- Pioneer Architect and consulting Engineers' (P) Ltd
- Nepal Development Society
- Nepalese youth for Climate Action (NYCA)
- Women Environment Preservation Committee (WEPCO)
- Centre for Rural Technology, Nepal (CRT/N)
- WindPower Nepal
- Actionaid Nepal
- Tewa
- DidiBahini
- Prakriti Resources Centre(PRC)